तेह्रौं गाउँसभा २०८० साल आषाढ ५ गते मंगलबार
गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्की ज्यूले प्रस्तुत गर्नुभएको

# आ.व २०८०।०८१ को नीति तथा कार्यक्रम

## रिब्दीकोट गाउँपालिका

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०८०

**गरिमामय सभामा उपस्थित उपाध्यक्ष ज्यू, सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. रिब्दीकोट गाउँपालिकाको अध्यक्षको रुपमा आज म आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यो गरीमामय सभामा उपस्थित भएको छु । स्थानीय सरकारको प्रमुखको रुपमा गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस सभामा पेश गरीरहदा अत्यन्त जिम्मेवारी बोध भएको महशुस गरेको छु। नेपालको सार्वभौमसत्ता, स्वाधिनता, लोकतन्त्र र जनजीविकाको लागि सार्वभौम अधिकारको प्रयोग गरी रिब्दीकोटको समृद्धिको सपना सहितको अमूल्य मत मार्फत हामीलाई पाँच बर्षसम्म रिब्दीकोटको समग्र पक्षको बागडोर सम्हाल्न दिनुभएको जिम्मेवारीको एक बर्ष पुरा भएको छ। यस अवधिमा नीतिगत तथा कार्यक्रम र उपर्युक्त योजनाहरुको कार्यान्वयनबाट सकारात्मक नतिजा देखिन थालेको छ । हाल नेपालको अर्थतन्त्रमा परेको चापले यस गाउँपालिकालाई समेत प्रभाव पारेता पनि चालु आ.व.मा सञ्चालित योजना तथा कार्यक्रमहरुको भुक्तानी दिने र आगामी आ.व.मा समेत त्यसको प्रभाव न्यून पार्ने गरी कार्यक्रम तथा योजनाहरुलाई निरन्तरता दिईने छ ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक -पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहिदहरु प्रति म उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता नागरिक र घाइते योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. नेपालको संविधानले निर्दिष्ट गरेका जनताको लोकतान्त्रिक अधिकारको सम्मान गर्दै गाउँपालिका र यहाँका नागरिकहरुको आवश्यकता, इच्छा चाहना अनुरुप समग्र गाउँपालिकाको विकास उन्नति र समृद्धिका लागि हरपल कर्तव्यनिष्ठ र क्रियाशिल भई तनमनका साथ कर्म भूमिमा रहने छु भन्ने विश्वास दिलाउन चाहन्छु ।

४. सार्वजनिक खर्चमा मितव्ययिता, पूँजिगत खर्चमा बृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, शासकीय व्यवस्था, सेवा प्रवाहमा सुधार, समावेशी विकास, स्वरोजगारमा बृद्धि, कृषि उत्पादनमा बृद्धि तथा बजारीकरण यस पालिकाका प्रमुख नीतिगत प्राथमिकता हुनेछन् । पालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट यिनै प्राथमिकतामा परिलक्षित हुनेछन् ।

**सभाका सदस्य ज्यूहरु,**

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरु निम्नानुसार रहेका छन् :**

(क) नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार र प्रदेश सरकारले गरेका नीतिगत ब्यवस्था, नेपालले अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका

प्रतिबद्धताहरु, सन् २०१६ देखी २०३० सम्मका दिगो विकासका लक्ष्यहरु, चालु पन्ध्रौं राष्ट्रिय योजनाका नीति तथा रणनीतिहरु र गाउँपालिकाको बृहत योजना मुख्य मार्गदर्शनका रुपमा रहेका छन ।

(ख) **"समृद्ध रिब्दीकोट निर्माणको आधार, शिक्षा, कृषि र पर्यटन पूर्वाधार"** को नारा सहित विकास र समृद्धिको परिकल्पनालाई साकार पार्न गाउँपालिकाको बृहत गाउँ विकास योजनाको आधारमा नीति तथा कार्यक्रम अगाडि सारेको छु ।

(ग) सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, पूर्व जनप्रतिनिधीहरु, राजनितिक दलका प्रतिनिधीहरु, स्थानीय समाजसेवीहरु, बुद्धिजिवीहरु, शिक्षकहरु, कर्मचारीहरु, पत्रकारहरु लगायत सम्बन्धित सरोकारवालाहरुको राय सुझावलाई समेत समावेश गरी यो नीति तथा कार्यक्रम सम्मानीत सभामा प्रस्तुत गरेको छु ।

(घ) गाउँपालिकाको आन्तरिक आय अन्तर सरकार वित्त हस्तान्तरण राजश्व बाँडफाँडलाई यथार्थ विश्लेषण गरी नीति तथा कार्यक्रम तय गरिएको छ ।

**सभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८०/०८१ को लागि विषयगत/क्षेत्रगत रुपमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## आर्थिक विकास :

संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरी समृद्ध रिब्दीकोट निर्माणको अभिभारा पूरा गर्न आगामी आ.व. २०८०/८१ मा निम्नानुसारका नीतिहरु अवलम्बन गरिनेछ ।

### कृषि तथा भूमि व्यवस्था:

**५.** रिब्दीकोटको सम्वृद्धिको मूल आधार कृषि क्षेत्र भएकाले उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर बनाउदै लगिने छ । दिगो, आत्मनिर्भर एवं समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि गाउँपालिकाको **"एकीकृत कृषि तथा पशु विकास रणनीति"** का साथ एक टोल, सामुहिक उत्पादनलाई प्रवर्द्धन गरिने छ ।

**६.** कृषि तथा पशुपालनमा आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण गर्दै कृषकले उत्पादन गरेको कृषि तथा पशुजन्य उपजको उचित मूल्य प्राप्त गर्ने गरी बजारीकरणका लागि कृषि संकलन केन्द्र तथा कृषि पूर्वाधार व्यवस्थाको नीति अबलम्वन गरिने छ ।

७. बीउमा आत्मनिर्भर बनाउन रैथाने बाली धान, मकै, गहुँ, कोदो, फापर र झिलङ्गी आदि जस्ता स्थानीय प्रजातिका बिउ बिजनहरुको सरंक्षण गरिने छ । साथै पूष्प खेतीलाई संरक्षण र प्रबर्द्धन गरिने छ ।

८. बेमौसमी तरकारी उत्पादन तथा व्यवसायिक पशुपालनका लागि मागमा आधारित तालिमको व्यवस्था गरिने छ। सम्भाव्य उत्पादनको उत्पादकत्त्व र बजार प्रतिस्पर्धामा बृद्धि गर्न समूहमा प्रविधि हस्तान्तरण गरिनेछ ।

९. प्रत्येक वडाहरुमा कृषि तथा पशु सेवालाई थप प्रभावकारी बनाउन प्रदेश सरकारको अवधारण अनुरुप **"घरदैलोको प्राविधिक सेवाः उत्पादनमा टेवा"** कार्यक्रम संचालन गरिनेछ । यस कार्यलाई प्रभावकारी बनाउन सघन अनुगमनको व्यवस्था मिलाईने छ ।

१०. पालिकाबाट संचालन गरिएका व्यवसायिक कृषि उत्पादित बस्तुहरु सुन्तला, अदुवा, खुर्सानी र बेसार पकेटलाई निरन्तरता दिईने छ र प्राङ्गारिक मलकारखाना स्थापना गर्न पहल गरिनेछ ।

११. सामुहिक खेती प्रणालीलाई प्रोत्साहित गर्ने नीति लिईने छ । व्यक्तिगत, सामुहिक, समुह, सहकारीबाट कृषिसँग सम्बन्धित काम गर्ने मध्ये उत्कृष्टलाई पुरस्कृत गर्ने नीति लिईने छ । प्राङ्गारिक, जैविक खेती तर्फ प्रोत्साहन गर्दै **"विषादीमुक्त उत्पादन रिब्दीकोटको पहिचान"** र **"प्राङ्गारिक खेती तर्फ पाइला बढाई खुसी, स्वस्थ र आत्मनिर्भर रिब्दीकोट बनाउँ"** अभियान कार्यान्वयनमा ल्याईने छ । आवश्यकता अनुसार कृषकलाई कृषककै खेतबारीमा प्राविधिक खटाई तालिमको व्यवस्था मिलाईने छ ।

१२. पशुमा कृत्रिम गर्भाधान, पशु उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न नश्ल सुधार, पशु स्वास्थ्य सेवा सञ्चालन, महामारी रोग नियन्त्रण, निःशुल्क पशु खोप, बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३. कृषकले उत्पादन गरेको वस्तुको लागतको आधारमा उचित मूल्य प्राप्त गर्ने गरी कृषि उपजको बजारीकरणका आवश्यक कार्य अगाडि बढाईने छ ।

१४. कृषिलाई व्यवसायिकरण गर्न **"हाईटेक नर्सरी"** जस्ता कार्यक्रम संचालन गरिनेछ । उत्पादनको बजारीकरणको लागि बिक्री केन्द्र खोल्न सहयोग पुर्याईने छ । गैर सरकारी संस्थाहरुसँगको साझेदारी र सहकार्यमा कृषि तथा पशु विकास कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१५. बाँझो रहेका जग्गाहरुमा उच्च र गुणस्तरीय घाँसको बीउ, विरुवा रोपणको ब्यवस्था मिलाई पशुपालन ब्यवसायलाई प्रतिस्पर्धी, आधुनिक र व्यवसायिक बनाई कृषकहरुको जीवनस्तर उकासिने छ ।

१६. बिगतमा दुध, सुन्तला र टमाटरमा दिईदै आएको उत्पादनमा आधारित नगद अनुदानलाई कायम राख्दै मासु , खुर्सानी, बेसार, अदुवा लगायत अन्य उत्पादित तरकारीमा समेत थप गरिने छ। साथै

सरोकारवालाहरुसँग समन्वय/छलफल/सहकार्यमा उत्पादनमा आधारित नगद अनुदान कार्यविधि बनाई थप व्यवस्थित बनाईने छ । गा.पा. स्तरीय १ चिस्यान केन्द्र संचालन गर्न पहल गरिनेछ ।

१७. युवाहरुलाई स्वरोजगार र रोजगार बनाउन उत्पादनमा जोड्दै रोजगारी सिर्जना गर्न **"खनौं आफ्नो माटो, छाडौं बिदेशको बाटो"** भन्ने मूल नाराका साथ खेतीयोग्य बाँझो जमिनको उपयोग गर्न उत्प्रेरित गरिने छ। भूमी बिहिनहरुलाई व्यवसायिक कृषि तथा पशुपालन फर्म संचालन गर्न जग्गा व्यवस्थापनमा सहजीकरण गरिने छ ।

१८. कृषकको प्रमुख समस्याको रुपमा रहेको बाँदर लगायत बन्यजन्तु नियन्त्रणको लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ ।अति बिपन्न परिवारलाई सत प्रतिशत अनुदानमा कृषि तथा पशु सम्बन्धी कार्य गर्न प्रेरित गर्ने नीति लिईने छ ।

**पर्यटनः**

१९. पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक एवम् साँस्कृतिक क्षेत्रहरुको संरक्षण पहिचान गरी पूर्वाधार निर्माणको कार्यहरु अघि बढाईनेछ । भैरवस्थान-जलेश्वरधामलाई **"भैरवस्थान जलेश्वरको शान, रिब्दीकोटको उत्थान"** भन्ने नाराका साथ धार्मिक पर्यटनको दृष्टिले महत्वपूर्ण गन्तव्यको रुपमा विकास गर्न बहुवर्षिय योजनाको रुपमा आगामी आ.व देखि नै कार्य शुरु गरिने छ ।

२०. सेल्फीडाँडा, संसारकोट, कान्ताश्रम, सतनचुली, पूर्णकोट, भैरवस्थान, जलेश्वर, ढुस्तुङ, कालिकागढी, छुनफान डाँडा, साठी हाते झरना, छत्र देवालय मन्दिर, रिङसिङ लेक जस्ता स्थललाई पर्यटकीय गन्तव्यको रुपमा अघि बढाउन आवश्यक कार्यको थालनी गरिनेछ ।पर्यटकीय महत्वपूर्ण स्थानमा होम स्टे प्रवर्द्धन कार्यक्रम गरिने छ।

२१. बतासे क्षेत्रलाई लालीगुराँस संरक्षित क्षेत्रको रुपमा विकास गरिने छ । आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न जलेश्वर धाम, रिचार्ज पोखरी, मौसमी राडर, धुस्टुङ, रिङसिङ लेक जोड्ने गरि शहिद कैलाश पदमार्गको निर्माण कार्यको थालनी गरिनेछ । गाउँपालिका भित्र शाहसिक पर्यटन रक क्लाइम्बिङ्ग र साइकल लेनको लागि सम्भाव्यता अध्ययन गरिने छ । सबै पर्यटकीय स्थानहरु समेटी एकिकृत पर्यटन प्याकेजका रुपमा अगाडि बढाउन प्रचार-प्रसार एवं उपयुक्त स्थानमा होडिङबोर्डको व्यवस्था गरिनेछ ।

२२. अन्तर पालिका समन्वय गरी रिब्दीकोटका सिमानामा रिब्दीकोटको चिनारी दिने डिजिटल बोर्ड राखिनेछ।सडकको दायाँ वायाँ सदावहार हरियाली रहने विरुवाहरु लगाइने छ ।भैरबस्थानलाई प्रमुख गन्तव्यको रुपमा विकास गरिने छ ।

## पूर्वाधार विकास :

२३. पूर्वाधार विकास योजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ । वातावरणमा पर्न सक्ने प्रभावको अध्ययन गरी निर्माण गर्ने र पूर्वाधार निर्माणमा सार्वजनिक निजि साझेदारीको नीति समेत अबलम्वन गरिने छ ।

२४. गाउँपालिका भित्रका सडकहरुलाई व्यवस्थित तरिकाले संचालनमा ल्याउन सडक गुरुयोजना तयार गरिनेछ । सबै वडा केन्द्रहरुसम्म पुग्ने बाटो कालोपत्रे तथा स्तरोन्नति गर्नको लागि बहुवर्षिय योजनाको रुपमा अगाडि सारिने छ । वडा नं.१ को शान्तिचौर, वडा नं. ६ को बरघा र वडा नं. ८ को फेक जाने सडकको कालोपत्रे गर्ने कार्यको सुरुवात यसै आ.व.बाट संचालन गरिने छ । निर्माण बाँकी रहेका मुख्य सडकलाई सम्पन्न गर्ने साथै हाल सञ्चालनमा रहेका सडकहरुलाई बाह्रै महिना संचालनमा आउन सक्ने गरी मर्मत तथा स्तरोन्नति गरिने छ । हार्थोक छहरा खण्डको रिब्दीकोट खण्डमा पर्ने सडकको मर्मत सम्भारमा विशेष ध्यान दिईने छ ।

२५. खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रसँग सबै जनताको सहज पहुँच कायम गर्न हार्थोक देखी खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र हुँदै कन्टीपोखरा जाने मोटरबाटो आगामी आ.व. मा कालोपत्रे गर्ने कार्यको शुरुवात गरिने छ ।

२६. बर्षाको समयमा बाटो अवरुद्ध भई यातायातका साधन नचल्दा पालिकाका पशु तथा कृषिजन्य उपजहरुको बजारीकरणमा आउन सक्ने समस्यालाई निराकरण गर्न आबश्यक कदम चालिने छ ।

२७. संघ र प्रदेश सरकारसंगको समन्वयमा गाउँपालिका भित्रका सबै घरधुरीलाई खरका छानामुक्त बनाईने छ । उज्यालो तथा सुरक्षित रिब्दीकोट कार्यक्रम अगाडि बढाई गाउँपालिका भित्रका मुख्य सडक क्षेत्रहरुमा सडक बत्ती र सिसि क्यामेराको प्रबन्ध मिलाईनेछ । सहज आवागमनका लागि गाउँपालिका भित्रका आवश्यक स्थानमा झोलुङ्गे पुल तथा ट्रस पुलहरु निर्माण गरिने छ ।

### उद्योग वाणिज्य तथा आपूर्ति :

२८. नेपाल सरकारको आर्थिक सहयोगमा रिब्दीकोट गाउँपालिकाको वडा नं. ३ र ४ मा औधोगिक ग्रामको निर्माण कार्य थालनी गरिने छ ।

२९. गाउँपालिका भित्र संचालन हुने सबै व्यवसायलाई दर्ताको दायरामा ल्याईने छ । उपभोक्ताको हितप्रति संवेदनशील भई उद्योग बाणिज्य संघ, व्यापार संघ जस्ता संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी बजार अनुगमनलाई प्रभावकारी बनाईने छ ।

३०. समुदायको शिल्पी कला कौशलमा आधारित पेशा व्यवसायलाई संरक्षण, प्रवर्द्धन र आधुनिकिकरण गरिनेछ । त्यस्ता समुदायले उत्पादन गरेका सामाग्रीहरु आफ्नै गाउँपालिकामा प्रयोग गर्न प्रोत्साहित

गरिनेछ। साथै विपन्न वर्ग उत्थान कार्यक्रम संचालन गरिने छ । रिब्दीकोट उद्योग विकास प्राधिकरण गठन र कम्पोष्ट मल उत्पादन प्लान्ट स्थापनाको लागि सहजिकरण गरिने छ ।

## सामाजिक विकास :

३१. गर्वका साथ आफ्नो जन्मभूमि र समाजप्रतिको उत्तरदायित्व पूरा गर्न सबै नागरिकको सहभागिता रहने एक श्रम सहचारी खडा गरिनेछ । यसबाट **"मेरो रिब्दीकोट मेरो गर्व मेरो स्वर्ग"** नामक अभियान मार्फत सामाजिक विकासका विभिन्न क्षेत्रका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

३२. **"म बनाउँछु मेरो रिब्दीकोट"** भन्ने नारालाई साकार पार्न व्यापक जनसहभागिता जुटाई नेपालभरकै नागरिकहरु स्वयमसेवी रुपमा श्रमदान गर्न स्वतः स्फूर्त श्रमदान गर्न सक्ने वातावरण बनाई प्रत्येक वडामा नमुनामुलक काम हुने गरी यो अभियान संचालनको व्यवस्था मिलाईने छ ।यस अभियानलाई साकार पार्न छुट्टै कोषको व्यवस्था गरिने छ ।

**स्वास्थ्य :**

३३. **"आधारभूत स्वास्थ्य उपचार जनताको अधिकार"** भन्ने नाराका साथ खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रबाट फरक क्षमता भएका व्यक्तिहरु र जेष्ठ नागरिकहरुलाई स्वास्थ्य परीक्षण, ल्याब परीक्षण, एक्सरे लगायतका सेवाहरु निःशुल्क गरिने छ।जेरियाट्रीक केयर सेवा निरन्तर सञ्चालनमा ल्याइनेछ।स्वास्थ्य संस्थाहरुबाट आधारभूत औषधीहरुलाई निःशुल्क उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईने छ ।

३४. स्वस्थकर जीवनशैली प्रर्वद्धन तथा भान्सा सुधार कार्यक्रम सञ्चालन गरी **"बिरामी होईन स्वस्थ हुने प्रतिस्पर्धा गरौं"** भन्ने अभियान थालनी गरी बढ्दो नसर्ने रोगको रोकथाम तथा नियन्त्रणलाई प्राथमिकतामा राखी नागरिक आरोग्य सेवा कार्यक्रमलाई निरन्तरता दिईने छ।दीर्घरोगीहरुको तथ्यांकलाई अद्यावधिक गरिने छ।योग, व्यायाम, ध्यान र प्रणायाम जस्ता विधिहरुको प्रवर्द्धनमा जोड दिईने छ।

३५. नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाई विशेषज्ञ सहितको स्वास्थ्य शिविरको कार्यक्रमलाई निरन्तरता दिईने छ ।

३६. गाउँपालिका भित्रका सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई थप व्यवस्थित गर्न **"सुत्केरी आमा पोषिलो खाना"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।शोकमा परेका अति विपन्न परिवारको सहयोगका लागि उपाध्यक्षको माताहतमा रही संचालन गरिने गरि **"कोख देखी शोक सम्म कार्यक्रम"** लाई अगाडि बढाईने छ ।

३७. महिलाको स्तन क्यान्सर, पाठेघर क्यान्सर र आङ खस्ने समस्याको उपचारको लागि गाउँपालिकाका समस्याग्रस्त महिलाहरुको तथ्यांक संकलन गरी संघ र प्रदेश सरकारसँगको समन्वयमा उपचारको

व्यवस्था मिलाईनेछ । गाउँपालिका भित्रका बर्थिङ्ग सेन्टरलाई सुविधा सम्पन्न तथा गुणस्तरीय बनाउदै लगिनेछ ।साथै गाउँपालिका भित्रका एच.आई.भि पोजेटिभ व्यक्तिहरुको तथ्याकं संकलन गरी आत्मनिर्भर बनाउनका लागि विभिन्न किसिमका कार्यक्रम संचालन गरिनेछ ।

**३८.** स्वास्थ्य बिमा कार्यक्रमलाई हरेक नागरिकको पहुँचमा पुर्याईनेछ । खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा संचालित स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

**३९.** खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र र पालिका भित्रका अन्य बर्थिङ सेन्टरमा प्रसुति हुन नसकि रिफर गरिएका गर्भवती तथा सुत्केरी महिलालाई अस्पताल सम्म पुर्याउन एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ । पालिका भित्र एम्बुलेन्स सेवा संचालनमा एकरुपता ल्याईनेछ ।

**४०.** क्यान्सर, मृगौला र मुटु जस्ता असाध्य रोग लागेकालाई राहत स्वरुप गत वर्ष दिदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिईनेछ । नेपाल सरकारको सहकार्यमा मृगौलाको डाइलासिस, क्यान्सर र स्पाइनल कर्ड इन्जुरी भई क र ख वर्गको अपांगता कार्ड प्राप्त भएका व्यक्तिलाई मासिक रुपमा दिदै आएको आर्थिक सहायतालाई निरन्तरता दिईनेछ ।

**४१.** लागुपदार्थ दुर्व्यसनी विरुद्ध नियमन र नियन्त्रण गर्नका लागि प्रहरीसँगको साझेदारीमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।विद्यालय क्षेत्र, गाउँपालिका कार्यालय क्षेत्र र सार्वजनिक कार्यालय क्षेत्रलाई पूर्णत सूर्तीजन्य पदार्थ र मदिरा निषेधित क्षेत्र बनाईनेछ ।

**४२.** नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सहयोग र सहकार्यमा यस गाउँपालिका भित्र रहेका गाजा लगायतका जडीबुटीहरुको पहिचान गरी आयुर्वेद औषधिजन्य जडीबुटीलाई स्वास्थ्यसँग सम्बन्धित क्षेत्रमा सदुपयोग गर्ने नीति ल्याईनेछ ।

**४३.** **"रक्तदान जीवनदान"** लाई अभिप्रेरित गरी रक्तदानलाई अभियानको रुपमा संचालन गरिनेछ ।शिक्षा शाखाको समन्वयमा सबै शिक्षक, कर्मचारी र बालवालिकाहरुको रगत जाँच गरी रक्त समूह छुट्याइने कार्यक्रम अगाडि बढाइने छ ।

**४४.** संभावित महामारी फैलिन नदिन पालिकास्तरमा चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई पुर्व तयारीमा राखी स्वास्थ्य संस्थाबाट टाढा रहेका ग्रामीण क्षेत्रमा आवश्यकताका आधारमा सेवा बिस्तार गरिने छ ।

**४५.** आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आधुनिक चिकित्सा पद्धतिसंगै आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको माध्यमबाट नागरिकलाई स्वस्थ बनाउने व्यवस्था मिलाइने छ।

**४६.** स्थानीय स्तरमा उपलब्ध औषधीजन्य जडीबुटीहरुको पहिचान, संरक्षण, संकलन, प्रवर्धनका लागि निश्चित मापदण्डको आधारमा व्यवस्थित गर्दै आयुर्वेद, पञ्चकर्म, योग, प्राकृतिक चिकित्सा सेवा विस्तार तथा स्तरोन्नती गरी **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** लाई प्रभावकारी बनाउन स्वस्थ भान्साको

अवधारणा अनुरुप स्वस्थ खानाको प्रयोग गर्न हरेक नागरिकलाई सुसूचित गर्दै स्वस्थ वातावरण र सक्रिय जीवन शैलीको प्रवर्धन गर्ने व्यवस्था मिलाइने छ ।

४७. आयुर्वेद औषधालयको सेवाको पहुँच देखि टाढा रहेका रिब्दीकोट गाँउपालिकाका वडा नं १, २, ३ र ४ का वडाबासीहरुलाई लक्षित गरी आयुर्वेद स्वास्थ्य इकाई स्थापना गरी आयुर्वेद सेवा प्रदान गर्न र आयुर्वेदको प्रचार—प्रसारका लागि जनचेतना, सुचनामुलक सामाग्री प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाइने छ।

**शिक्षा :**

४८. **"शिक्षाको विकास नभई अन्य क्षेत्रको विकास असम्भव"** भन्ने भनाईलाई साकार पार्न १० वर्षे गाउँ शिक्षा योजना निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।

४९. सीपमुलक र प्राविधिक शिक्षामा जोड दिदै बिद्यालय शिक्षालाई जीवनउपयोगी र समयसापेक्ष बनाउन अंग्रेजी माध्यमबाट समेत पठनपाठन गर्ने व्यवस्था मिलाईने छ। **"पढ्दै कमाउदै, कमाउदै पढ्दै"** कार्यक्रमलाई निरन्तरता दिई **"सिकाउने, टिकाउने र आत्मनिर्भर बनाउने"** नीति लिइनेछ ।

५०. शिक्षाको गुणस्तरीयता अभिवृद्धि गर्न एक वडा एक सुविधा सम्पन्न नमुना बिद्यालय निर्माण गर्ने र भवानी माध्यमिक विद्यालय कुसुमखोलालाई नमुना बिग स्कूलको रुपमा विकास गर्ने नीति लिइने छ ।

५१. **"अन्तर विद्यालय अनुगमन, उत्कृष्टलाई प्रोत्साहन"** भन्ने भावनाका साथ शिक्षक तथा विद्यार्थीहरुको मनोवल बृद्धि गर्न पालिकामा उत्कृष्ट हुने विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई सम्मान गर्ने नीति लिइनेछ ।

५२. सबै बिद्यालयहरुको भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाइने नीति अवलम्बन गरीनेछ ।सम्पूर्ण विद्यालय भवनको रंगरोगनमा एकरुपता कायम गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

५३. **"संस्कार सहितको शिक्षा आजको आवश्यकता"** भन्ने नारालाई आत्समाथ गर्दै सो को लागि आवश्यक व्यवस्था मिलाईने छ । नयाँ विद्यालय स्थापना गर्न र कक्षा थप गर्ने परिपाटीलाई निरुत्साहित गरि आवश्यकता अनुसार विद्यालय मर्जको नीति लिईने छ ।

५४. बिद्यालय तह देखि नै राष्ट्रिय एवं स्थानीय भेषभूषा, भाषा, धर्म एवं संस्कृतिको बोध एवं संरक्षणका लागि आगामी शैक्षिक सत्रवाट स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिने छ । विभिन्न खालका तालिम तथा कार्यक्रमहरु संचालन गर्न वडा नं ७ बतासेमा रहेको तालिम हलको स्तरोन्नति गरिने छ ।

५५. सामुदायिक बिद्यालयहरुका गरीव तथा विपन्न छात्रछात्राहरुलाई छात्रवृत्ति दिने कार्यक्रम, बिद्यालयहरुमा निःशुल्क पाठ्यपुस्तक र सेनेटरी प्याड, कक्षा ६ सम्मका बालबालिकाहरुलाई दिवा खाजा कार्यक्रम तथा कालिका आ.वि. जोगिथुमका कक्षा ८ सम्मका विद्यार्थीलाई खुवाउदै आएको दिवाखाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५६. अभिभावक बिहिन बालबालिकाहरुको कक्षा १२ सम्मको शिक्षाको जिम्मा गाउँपालिकाले लिने नीति अवलम्बन गरिने छ ।

**युवा तथा खेलकुदः**

५७. शारीरिक व्यायाम मार्फत स्वस्थ जीवनशैलीको लागि खुल्ला व्यायामशाला निर्माण गरी **"स्वस्थ रिब्दीकोट निर्माण अभियान"** लाई अगाडी बढाईनेछ । युवाहरुको मागलाई ध्यानमा राखी फिटनेस केन्द्र संचालनमा ल्याइने छ ।

५८. वडा नं २ कोहलमा प्यारापिट सहितको सुबिधा सम्पन्न पालिका स्तरीय खेलमैदान आगामी २ वर्ष भित्र सम्पन्न गर्ने गरी निर्माण कार्यलाई अगाडि बढाइने छ । प्रत्येक वडामा खेलमैदान बनाउने नीति अवलम्बन गरिने छ । साथै प्रदेश स्तरमा पदक प्राप्त गर्ने खेलाडी र कुनै पनि खेलको राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतियोगिता भाग लिने गाउँपालिका भित्रका खेलाडीहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

५९. सम्पूर्ण विद्यार्थीहरु एवं युवाहरुलाई खेलकूदको माध्यमबाट एकताबद्ध बनाउदै सामाजिक सहिष्णुता एवं भातृत्वको विकास गर्न **"राष्ट्रपति रनिंग शिल्ड"** प्रतियोगिता एवं **"अध्यक्ष कप भलिबल"** संचालनलाई निरन्तरता दिईने छ ।

६०. यस बर्ष देखि सम्पूर्ण माध्यमिक विद्यालयहरुमा स्काउट गठन र तालिम संचालन गरिने छ। तालिम पश्चात निजहरुलाई विभिन्न सामाजिक कार्यका लागि जिम्मेवार बनाईने छ ।

६१. शैक्षिक बेरोजगारी अन्त्यका लागि लोकसेवा, शिक्षकसेवा तथा सेना र प्रहरी प्रवेशको तयारी कक्षा संचालनमा ल्याइने छ । ज्ञान सीप भएका युवा उद्यमीहरुले व्यवसाय शुरु गर्न Start up Fund for Business कार्यक्रम मार्फत स्वरोजगार बनाउने नीति ल्याईने छ ।

**महिला, बालबालिका, जेष्ठ नागरिक, लक्षित वर्ग तथा सामाजिक न्याय र समावेशीकरणः**

६२. समाजमा व्याप्त विभेद, असमानता, अन्धविश्वास, बालविवाह, बहुबिवाह, लैङ्गिक हिंसा, बालश्रम लगायतका कुरीति कुसंस्कारको अन्त्य गरी समतामूलक, समावेशीकरण र सामाजिक न्यायमा आधारित समाज निर्माणका लागि आमा समूहको जागरण, स्वास्थ्य स्वयंसेविकाको परिचालन, बाल क्लवहरुको गठन तथा परिचालन, लैङ्गिक तथा अल्पसंख्यक वर्गलाई प्राथमिकता, किशोरी शिक्षा,

बाल विवाह न्युनिकरणमा सचेतनामुलक, सीपमुलक र सशक्तिकरणका कार्यक्रम ल्याईने छ ।

६३. सामाजिक संजाल मार्फत फैलिएका विकृति विरुद्ध तथा लागु पदार्थ दुर्व्यसनी बिरुद्ध जनचेतना, Cyber Crime, बाल बिवाह तथा घरेलु हिंसा न्युनिकरणका लागि विद्यार्थी मार्फत जनचेतनामुलक नाटक संचालन गरिने छ ।

६४. समाजमा अमूल्य निधिका रुपमा रहेका जेष्ठ नागरिकहरुको लागि जेष्ठ नागरिक सम्मान, अनुभव आदान प्रदान तथा सहुलियतका कार्यक्रम ल्याईने छ ।

६५. आर्थिक रुपमा कमजोर, विपन्न, एकल महिला तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति लक्षित रोजगार कार्यक्रम तथा स्व:आयआर्जनका कार्यक्रम संचालन गरिनेछ । लैगिक हिंसा निवारण कोष र एकल महिला संचालन कोष मार्फत यौन हिंसामा परेका बालबालिका तथा घरेलु हिंसामा पारिएका महिलालाई राहत प्रदान गरिने छ। महिलाहरुको उत्थानका लागि सीप विकास तथा स्वरोजगारका कार्यक्रमहरु संचालन गरी क्षमता अभिबृद्धि गर्न महिलासँग उपाध्यक्ष कार्यक्रम संचालनमा ल्याई **"महिलाको उत्थानको लागि जिम्मेवार स्थानीय सरकार"** अभियानलाई साकार तुल्याईनेछ ।

६६. बालमैत्री तथा पोषणमैत्री गाउँपालिका निर्माणका लागि आवश्यक कामको थालनी गरिनेछ र आगामी ४ वर्ष भित्र बालमैत्री गाउँपालिका घोषणा गरिनेछ ।

६७. फरक क्षमता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण एवं सेवा प्राप्तिमा सहज पहुँचका लागि गाउँपालिका तथा वडाका सार्वजनिक, सरकारी कार्यालयहरुलाई क्रमशः अपाङ्गमैत्री बनाउँदै लगिनेछ । फरक क्षमता भएका व्यक्तिहरु प्रति गरिने विभिन्न प्रकारका विभेद र सबै प्रकारका हिंसा अन्त्य गर्न आवश्यक कार्य गरिने छ ।

**सामाजिक सुरक्षा तथा संरक्षणः**

६८. न्याय र समानतामा आधारित छुवाछुतमुक्त, भेदभावरहित समाज निर्माण गर्न बृहत सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । यसका लागि स्थानीय सर्वपक्षीय, सर्वदलीय, बृहत सचेतनामूलक कार्यक्रमको व्यवस्था गरिनेछ । कुनै पनि प्रकारको यौनजन्य हिंसा वा सामाजिक बहिष्कारमा पारिएका किशोरीहरु एवं बालश्रम बेचबिखन आदिबाट पिडित बालबालिका एवं महिलाहरुका लागि मनोसामाजिक परामर्शदाताको सहयोगमा व्यवसायिक शिक्षा दिई वा सीपको विकास गरी पुनःस्थापना गरिने नीति लिईनेछ ।

६९. सवारी दुर्घटनाहरु कम गर्न ट्राफिक प्रहरीको सहयोगमा सचेतनामुलक कार्यक्रम संचालन गरिने छ । घटना दर्ताका कार्यक्रमहरु यथासमयमा संचालन गर्न सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

७०. जोखिमयुक्त बस्तीहरुलाई पहिचान गरी सुरक्षित नागरिक आवासको व्यवस्था गर्ने नीति ल्याईने छ । साथै पालिका भित्रका घरहरुको खरको छानालाई जस्तापाताद्वारा विस्थापन गरिनेछ ।

**भाषा, धर्म तथा संस्कृतिः**

७१. सबै धर्म, भाषा र संस्कृतिको संरक्षण, सम्बर्द्धन र यथोचित विकासमा ध्यान दिईनेछ । धार्मिक, ऐतिहासिक क्षेत्र संरक्षण तथा विविधतालाई जीवन्त राख्न परम्परागत गीत, नाच र बाजाको संरक्षण गर्ने कार्यक्रम ल्याईनेछ ।

७२. कौरा, झ्याउरे, वालन, तिज, पन्चेबाजा, भजन, सराय, फागुजात्रा, लाखेनाच, सोरठी जस्ता विभिन्न परम्परागत गीत नाचको प्रवर्द्धन गर्न सांस्कृतिक महोत्सब गर्ने कार्यक्रम ल्याइनेछ । रिब्दीकोट गाउँपालिकाको सांस्कृतिक गहनाको रुपमा रहेका अल्पसंख्यक कुमाल जातिको संस्कृतिको जगेर्नाका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**खानेपानी तथा सरसफाई :**

७३. **"एक घर एक धारा"** को संकल्पलाई पुरा गर्न गाउँपालिकाको खानेपानी तथा स्वच्छता योजना (Wash Plan) को आधारमा खानेपानीका योजनाहरु कार्यान्वयनमा ल्याईनेछ । अधुरा रहेका सम्पूर्ण खानेपानी योजनाहरुलाई पूर्णता दिन आवश्यक व्यवस्था गरिनेछ । परम्परागत पानीका मुहानहरु, कुवा, प्राचीन धारा, पधेरो, पोखरी आदिको श्रोत संरक्षणको कार्यक्रम लागु गरी उचित व्यवस्थापन गरिनेछ । पानीका मुहान दर्ता कार्यको थालनी गरिनेछ ।रिब्दीकोट खानेपानी पुनर्संरचना गर्ने कार्यको थालनी गर्न विस्तृत अध्ययन गरिनेछ । साथै लिफ्टिङ्ग खानेपानीको विद्युत महशुलमा सहुलियत दिने नीति लिईने छ ।

७४. घर निर्माणको अनुमति प्रक्रियामा शौचालय र सेफ्टी टंकी निर्माणलाई अनिवार्य गरिनेछ ।सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापनमा सम्बन्धित संस्थाहरुसँग समन्वय र सहकार्य गरी फोहोर उत्पादन कम गर्ने पुनः प्रयोग गर्ने र सार्वजनिक स्थलमा फोहोर नगर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । व्यवस्थित जुठेल्नो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७५. प्लाष्टिकजन्य सामाग्रीको प्रयोगले स्वास्थ्य तथा वातावरणमा पार्ने प्रभावको न्युनिकरण गर्न ४० माइक्रोन भन्दा कम प्लाष्टिकको झोला विस्थापित गरी **"सफा झोला"** कार्यक्रम लागु गरिनेछ ।

**सहकारी तथा वित्तीय क्षेत्र विकास :**

७६. सहकारी संस्थाको क्षमता विकासको लागि सहकारी व्यवस्थापन तथा वित्तिय साक्षरता सम्बन्धी तालिम संचालन गरिने छ । साथै सहकारी संघ संस्थाहरुको अनुगमन, नियमन, संस्थागत सुशासन प्राप्ति तथा एकिकरण र वचत तथा लगानीको सदुपयोग र सुरक्षा गर्ने नेपाल सरकारको नीती अनुरुप कार्य गरिनेछ ।

७७. उत्पादनमा आधारित अनुदान कार्यक्रममा कृषि सहकारी लगायतका कृषि कार्य गर्ने संस्था र समूहसँग हातेमालो गर्दै विषयगत संजाल गठन गरिनेछ ।

७८. **"हाम्रो कर, हाम्रै विकास"** भन्ने अभियान संचालन गरी करका दर तथा दायरा पुनरावलोकन गरिने छ। कर प्रणालीलाई वैज्ञानिक, वस्तुनिष्ठ र व्यवहारिक बनाईनेछ ।राजश्व शाखालाई थप व्यवस्थित गरिने छ ।

**जलस्रोत, सिंचाई तथा उर्जा :**

७९. तरकारीको व्यवसायिक उत्पादन हुने वडा नं. ७ को जेमरतुङ्ग र मैनादीमा सिंचाई आयोजना निर्माण कार्यलाई नेपाल सरकारसँगको सहकार्यमा तदारूकता साथ अगाडि बढाइनेछ ।साथै अन्य खेतीयोग्य जमिनमा सिचाई सुविधाको लागि पहल गरिने छ ।

८०. एल पि ग्याँस र इन्धन खपत कम गर्न वैकल्पिक उर्जा प्रवर्धन केन्द्र जस्ता संस्थाहरुसँग सहकार्य गर्दै सुधारिएको चुलो, विद्युतिय चुल्हो, बायो ग्यास, सोलार चुलो जस्ता कार्यक्रमलाई प्राथमिकता दिईनेछ । सबै वडाका मुख्य केन्द्रमा सोलर बत्ती जडानलाई विस्तार गरिनेछ ।

८१. काठका पोलहरूलाई विस्थापित गरिनेछ र तत्काल विद्युत पुग्न नसकेको घरमा सोलार लाईटको व्यवस्था गरिनेछ ।

## वन, वातावरण विपद् व्यवस्थापन तथा प्रकोप नियन्त्रण:

८२. बढ्दो वन विनाश तथा वातावरणीय ह्रासलाई कम गर्न बहुवर्षीय बिरुवा रोपण कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिका भित्रका सबै सामुदायिक वनहरुलाई नियमन गरी व्यवस्थित गरिनेछ । वन मन्त्रालय/वन विभाग/डिभिजन वन कार्यालयको सहकार्यमा वनलाई जनताको आम्दानीको स्रोत बनाउने नीति लिईनेछ ।

८३. संघ तथा प्रदेश सरकारको समन्वयमा ल्याण्डफिल्ड साईडको संभाव्यता अध्ययन तथा निर्माण कार्य अगाडि बढाईने छ ।

८४. संघ तथा प्रदेश सरकारको सहकार्यमा वन नर्सरीको व्यवस्था गरी वन पैदावारलाई व्यवस्थापन र वन क्षेत्रमा व्यवसायिक अम्रिसो, तेजपात, टिमुर जस्ता वनस्पतिको खेती गर्ने कार्यक्रम लागु गरिनेछ ।

८५. गाउँपालिका स्तरीय विपद् व्यवस्थापन एवं राहत समिति मार्फत विपदमा एकद्वार प्रणालीबाट उद्दार र राहतको कार्यक्रम संचालन गरिनेछ । खुला चौर र खाली रहेका विद्यालयहरुका भवन, सामुदायिक भवन आदिलाई विपद्को समयमा आश्रय स्थलको रुपमा विकास गरिनेछ ।

८६. सुरक्षा निकायहरु र नेपाल रेडक्रस सोसाइटीको समन्वयमा विपद् व्यवस्थापनका लागी सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ । विपद्को पूर्वतयारीका लागि आवश्यक सुरक्षा उपकरणहरुको व्यवस्था गरिनेछ । Rapit रेस्पोन्स टिम गठन गरिने छ ।

**श्रम, रोजगार तथा गरिवी निवारण:**

८७. श्रममुलक योजनालाई प्रभावकारी बनाउन वडा तहको योजनामा सूचीकृत बेरोजगारहरुलाई परिचालन गरी रोजगारीको प्रबर्धन र भौतिक पुर्वाधारको विकास गर्न सकिनेछ । यस प्रकारका योजना मार्फत समुदायको विकाससंगै सामाजिक संरक्षणको प्रत्याभूति गराइने छ ।

८८. स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा श्रममुलक रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार व्यवस्थापन सूचना प्रणालीमा समावेश गरिने छ ।

८९. नेपाल सरकारको नीति अनुसार वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९०. **"श्रम र श्रमिकको मर्यादा हुने गरी रोजगारी"** भन्ने नारालाई सार्थक तुल्याउन कुनै पनि काम ठूलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको विकास गर्दै उचित पारिश्रमिक र सामाजिक संरक्षणको नीति लिईने छ ।

९१. स्थानीय स्तरमा हुने पूर्वाधारको काममा स्थानीय व्यक्तिहरुलाई सीप र क्षमताको आधारमा रोजगारीमा प्राथमिकता दिने नीति लिईनेछ ।

९२. गरिवी निवारणका लागि साना तथा घरेलु उद्यमी सिर्जना गरिनेछ । नयाँ उद्यम गर्न चाहाने युवाहरुलाई प्रविधी हस्तान्तरण गर्ने नीति लिईनेछ ।

९३. गरिबसँग बिशेश्वर कार्यक्रम मार्फत अल्पसंख्यक सिमान्तकृत समुदायसँग पुगी आयआर्जनको कार्यक्रमहरु संचालन गरिनेछ ।

**न्याय तथा कानुन :**

९४. न्यायीक समितिको सेवालाई थप व्यवस्थित गरी सर्वसाधारणको सहज पहुँच स्थापित गरिनेछ । प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार संचालन ऐनले तोकेको क्षेत्राधिकार भित्र रही न्याय सम्पादन गरिनेछ।न्याय सम्पादनलाई प्रभावकारी बनाउन वडास्तरमा मेलमिलापकर्ताको ब्यवस्था गर्नुका साथै न्यायिक समितिको इजालास कक्ष निर्माण गरिनेछ ।

**सूचना प्रविधि :**

९५. सबै घरधुरीमा इन्टरनेट सेवा पुर्याउने नीतिलाई निरन्तरता दिइनेछ। गाउँपालिकाको कार्यालय, वडा कार्यालय, सामुदायिक सिकाई केन्द्र, बजार क्षेत्र, भैरबस्थान मन्दिर क्षेत्र तथा महत्वपूर्ण पर्यटकीय क्षेत्रलाई Free wifi Zone को रुपमा विकास गरिनेछ ।

९६. सम्पूर्ण वडा कार्यालयहरुमा IT Based CCTV, Camera जडान गरी गाउँपालिकाको कार्यालयबाट निगरानी गर्ने व्यवस्था गरिनेछ। गाउँपालिका र यस अन्तर्गतका कार्यालयहरुमा ई-हाजिरी लागु गरिनेछ । गाउँपालिकाका सम्पूर्ण अभिलेखहरुलाई डिजिटल रुपमा व्यवस्थापन गरिनेछ ।

९७. गाउँपालिकामा संकलन गरिने कर तथा राजश्वलाई विद्युतीय प्रणाली मार्फत भुक्तानी गर्न SMART RIBDIKOT APP निर्माण गरी प्रयोगमा ल्याइनेछ । जनप्रतिनिधीलाई Digital साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

९८. स्वयं सेविकाहरु मार्फत अव्यवस्थित Smart Tole हरुलाई व्यवस्थित तथा आवश्यकता अनुसार स्थानान्तरण गर्न सकिने नीति ल्याईने छ ।

## सुशासन तथा संस्थागत विकास :

९९. स्थानीय सरकार संचालन ऐन- २०७४ का प्रावधानहरु पालनमा जोड दिइनेछ ।सेवाग्राहीहरुलाई गाउँपालिका क्षेत्रबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु सरल र सहज बनाईनेछ । गाउँपालिका र मातहतका कार्यालयहरुबाट प्रवाह हुने सम्पूर्ण सेवाहरुलाई डिजिटल र विद्युतिय माध्यमबाट उपलब्ध गराउन आवश्यक कार्यको थालनी गरिनेछ।राजश्व तथा सेवा शुल्कमा विद्युतिय प्रणाली प्रयोग गरी भुक्तानी गर्न सकिने व्यवस्था मिलाईनेछ । **"घर-घरमा सार्वजनिक सेवा, नागरिकलाई टेवा"** भन्ने नारालाई सार्थक तुल्याउन आवश्यकता अनुसार एकीकृत घुम्ती शिविर सञ्चालन गरिनेछ ।

१००. तालिम तथा अवलोकन भ्रमणको माध्यमबाट जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने नीति अवलम्वन गरिनेछ। कर्मचारीहरुलाई काममा उत्पेरित गर्न **"शासक होईन सेवक हौं"** भन्ने नारालाई सार्थक तुल्याईने छ । आन्तरिक पर्यटनको माध्यमबाट पर्यटन क्षेत्रको उत्थान गर्नका लागि पर्यटन काजको व्यवस्थासँगै कार्यचापको आधारमा मौद्रिक प्रोत्साहनको नीति लिइनेछ ।**"आन्तरिक सुशासन सफल प्रशासन"** भन्ने नारा अवलम्वन गरिनेछ ।

१०१. विषयगत समितिलाई प्रभावकारी बनाउन समितिका पदाधिकारीहरुलाई समितिको काम, कर्तव्य, अधिकार र जिम्मेवारी सम्बन्धमा अभिमुखिकरण गरिने छ ।

१०२. आवधिक योजना निर्माण र दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्नुको साथै संस्थागत स्व—मूल्यांकन प्रक्रियालाई प्रभावकारी बनाईने छ । साथै आन्तरिक श्रोत प्रवर्द्धनलाई विशेष प्राथमिकता दिईने छ ।

१०३. कुनै कर्मचारी अनुपस्थिति हुँदा सेवाग्राहीले सेवा नपाउने अवस्थाको अन्त् गर्ने नीति लिईने छ ।

१०४. गा.पा. अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्य सम्पादन संझौता गरिनेछ साथै कार्यसम्पादन संझौतालाई कर्मचारीको कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गरिनेछ ।

१०५. सेवा प्रवाह ढिलासुस्ती, काममा गुणस्तरहिनता, आर्थिक अपारदर्शिता एवं कमिशनतन्त्र भ्रष्ट्राचारजन्य क्रियाकलापहरु हुन साथै नेपाली समाज पछि पर्नुका मुख्य कारणहरु पनि ।त्यसैले भ्रष्ट्राचार गर्ने गराउने जो कोही पनि देश तथा समाजका शत्रु हुन् भन्ने भावना जागृति गराई त्यस्तो राष्ट्रिय अपराध गर्ने जो कोहीलाई कानूनी कारबाहीको साथै सामाजिक बहिष्कार गर्न जनचेतना अभिबृद्धि गर्ने नीति लिईनेछ ।

१०६. सार्वजनिक खर्चलाई मितव्ययी र नतिजामुखी बनाउने कार्यमा जोड दिई चालु प्रकृतिका खर्चहरु कटौती गर्ने नीति लिईनेछ।कार्यक्रम कार्यान्वयन योजना निर्माण गरी चौमासिक खर्च सन्तुलनमा जोड दिईनेछ। चौमासिक लक्ष्य किटान गरी त्यसको कार्यान्वय र समिक्षा गरिनेछ।पारदर्शिता, जवाफदेहिता, मितव्ययीता र भ्रष्टाचार विरुद्ध सुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ।सुशासनलाई संस्थागत गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।

**सभाका सदस्य ज्यूहरु,**

देशमा लोकतन्त्रको स्थापना पश्चात राजनीतिक सामाजिक र आर्थिक उपलब्धीलाई संरक्षण गर्दै यस गाउँपालिकालाई थप उन्नत बनाई राष्ट्रिय अर्थतन्त्रमा भएको मन्दिबाट प्रभावित सामाजिक आर्थिक क्षेत्रहरुलाई पुन जीवन दिई विकास निर्माणलाई तिब्रता दिने अठोटका साथ आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रमको प्रस्ताव पेश गरेको छु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वनयबाट हाम्रो गाउँपालिकाको सामाजिक, आर्थिक तथा विकासका अन्य कार्यक्रम चलायमान भई सबैलाई समान अवसर र सामाजिक न्याय मिल्नेछ भन्ने आशा समेत लिएको छु ।

अन्त्यमा रिब्दीकोटको समग्र विकासमा योगदान गर्नुहुने सबै जनप्रतिनिधिहरु, पूर्व जनप्रतिनिधिहरु, सम्पूर्ण राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि सहकारी तथा सामुदायिक क्षेत्र, नागरिक समाज, सुरक्षा र संचारकर्मी लगायत सम्पूर्ण आमाबुवा, दाजु भाई, दिदी बहिनी तथा सरोकारवाला सबैलाई हार्दिक अभिभादन सहित धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद!**

नारायण बहादुर कार्की
अध्यक्ष
२०८०।०३।०५